श्री

राजस्व न्यायाधिकरण काठमाडौं

इजलास

माननीय अध्यक्ष श्री विनोद शर्मा

राजस्व सदस्य श्री राजेन्द्र पौडेल

लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं

फैसला

२०७७।०७८ सालको निर्णय नं.२६

पुनरावेदन नं. ०७७-RB-०१७०

मुद्दाः– सुनचोरी पैठारी

तोता मियाको नाति अनबर हुसेनको छोरा **NOYAKANDI SWIS GATE KHALIA RAJOIR** घर भई हाल कारागार कार्यालय काठमाडौं रहेका वर्ष २७ को राहदानी नं **BQ 0688546** बाहक **MD ABUL HASAN DHALI**.....................................१ } पुनरावेदक

विरुद्ध

त्रिभुवन विमानस्थल भन्सार कार्यालयका भन्सार अधिकृत राजकुमार अधिकारी समेतको प्रतिवेदनले नेपाल सरकार.........................................................१ } प्रत्यर्थी

उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता कृष्ण मुरारी रौनियार

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : उपन्यायाधिवक्ता श्री दिपक भण्डारी र

सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बस्ताकोटी

शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

मुद्दा फैसला गर्ने कार्यालयः- श्री त्रिभुवन विमानस्थल भन्सार कार्यालय,

मुद्दा फैसला गर्ने अधिकारीः- भन्सार प्रशासक श्री गजेन्द्रकुमार ठाकुर

मुद्दा फैसला भएको मितिः– २०७६/०२/०९

श्री त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट भएको मिति २०७६/०२/०९ को निर्णय उपर चित्त नबुझी भन्सार ऐन, २०६४ को दफा ६२ बमोजिम पुनरावेदन गर्नुपर्नेमा निषेधाज्ञा लागु

भएकोले खुकुलो भएको मितिले म्याद भित्र राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भै पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ ।

## तथ्य खण्ड

१. मिति २०७६।०१।११ गते बिहान करिब ३ बजेको समयमा **Bangkok** को उडान नं **SL220** बाट बैंकक हुदैं काठमाडौं आएका **Bangladesi** राहदानी **BQ0688546** बाहक **MD ABUL HASAN DHALI** लाई त्रिभुवन विमानस्थल भन्सार कार्यालयको आगमन कक्षको वाकथ्रु क्षेत्रको एक्सरेमा चेकजाँच गर्ने क्रममा निजको मलद्वार भित्र लुकाई ल्याएको विस्कुट आकारको आठ थानको ७५० ग्राम सुन बरामद भएकोले सोही दिन निजलाई पक्राउ गरी बरामद भएको सुन, बरामदी मुचुल्का कागज सहित त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा दाखिला भएको।

२. प्रतिवादी **MD ABUL HASAN DHALI** ले बरामदी सुन मेरो होइन, मैले बंगलादेशी नागरिक नुरुवाली भन्ने व्यक्तिको सुन ल्याएको र उक्त सुनको भन्सार घोषणा गरेको छैन। नुरुवालीले सो सुन थाइल्याण्डबाट नेपाल हुदैं बंगलादेश ल्याई देउ तिमीलाई खान बस्न घुम्न र हवाई टिकट फ्रि हुने, बंगलादेश टाका बीस हजार दिन्छु भनेपछि ल्याएको हो। सुन जस्तो बहुमूल्य धातु चोरी हुने डरले आफ्नो मलद्वारमा राखेर ल्याउदा केही हुदैन भन्ने भएकोले ल्याएको हो।मलाई उसको नाम बाहेक केही थाहा छैन भन्ने समेत वेहोराको बयान ।

३. प्रतिवादी **MD ABUL HASAN DHALI** ले भन्सारमा कही कतै आफुले ल्याएको सुनको प्रज्ञापनपत्र घोषणा नगरी भन्सार तिरेको निस्सा समेत पेश नगरी पक्राउ परेको र बरामदीत सुन निजले आफ्नो मलद्वाराभित्र लुकाई राखेको विस्कुट आकारको सुन आठ थान जम्मा ७५० ग्राम बरामद भएकोमा प्रतिवादीको स्वीकारोक्ति बयान समेतको आधारमा भन्सार ऐन, २०६४ दफा ३८ बमोजिम चोरी पैठारीको कसूर अपराध गरेको देखिदां निजलाई सोही ऐनको दफा ५७ (१ग) बमोजिम लुकाई छिपाई विस्कुट आकारको सुन आठ थान जम्मा ७५० ग्राम अवैध रुपमा सुन तस्करी कार्य गरेकोले सुन जफत हुने र जफत भएको सुनको बिगो रु.३८,०६,२५०।— जरिवाना तथा निज प्रतिवादीलाई एक महिना पन्ध्र दिन कैद भई बाँकी एक महिना पन्ध्र दिन कैद वापत प्रति दिन रु.५०।— का दरले जम्मा रु.२२५०।-समेत गरी जम्मा रु.३८,०८५००।— जरिवाना हुने ठहर्छ भन्ने समेत वेहोराको त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७६/०२/०९ गते भएको निर्णय।

४. विपक्षी भन्सार कार्यालयले प्रतिवादी **MD ABUL HASAN DHALI** को बयान गर्दा गर्दै निज नुरुवाली भन्ने व्यक्तिलाई समेत नबुझि कुनै कुरा उल्लेख नगरी भएको फैसला प्रमाण ऐन, २०३१ को दफा (३) र (५४) विपरीत भएको, बयान गराउदाँ समेत प्रहरीको उपस्थित

गराई म नेपाली भाषा नबुझ्ने हुदाँ समेत दोभाषे राखुस् भन्दा नराखि मलद्वारमा सुन ल्याएको भनि साविती गराइएको बयानले कानूनी मान्यता पाउने होइन।उल्लेखित परिमाणको सुन मलद्वारमा लुकाई छिपाई ल्याउन सकिने अवस्था पनि होइन। साथै विपक्षी कार्यालयले निर्णय गर्दा फैसलाको मूल खण्डमा नलेखि तपसिल खण्डमा प्रतिवादीलाई बाँकी एक महिना पन्ध्र दिन कैद बापत प्रतिदिन रु.५०।- का दरले कैद बापतको जम्मा रु.२२५०।-समेत गरी जम्मा रु.३८,०८५००।— जरिवाना सजाय भएको निर्णय भन्सार ऐन, २०६४ को प्रावधान उल्लेख गरिएको मिलेको छैन। कैद पनि बस्नु पर्ने सो बापत दिनको रू.५०।— रुपैंया पनि जरिवाना तिर्नुपर्ने व्यवस्था भन्सार ऐनको उक्त दफामा उल्लेख नभएको, व्यक्तिलाई कैद राख्ने जस्तो संवेदनशील विषयमा कुनै गम्भिरता नलिई कैद समय नतोकी अधिकतम कैद तोक्नु भन्ने वाक्यांसले न्यायको उपहास नभएको, कारागार कार्यालय काठमाडौंले यस विषयमा स्पष्ट पार्न लेखिएको पत्रको जवाफमा विपक्षी कार्यालयले जरिवाना बापतको रकम दाखिला नगरेमा अधिकतम ७ वर्ष कैद हुने व्यवस्था रहेकोमा निज प्रतिवादीलाई ७ वर्ष १ महिना १५ दिन कैद राख्नु भनी निर्णयकर्ता आफैले दफा उल्लेख गरी सोही दफाको विपरीत हुने गरी पत्र पठाएको, प्रतिवादीको नाम समेत स्पष्ट लेख्न नसकेको, पुनरावेदकको कसूर गर्ने नियत नभएको, मुद्दाको विभिन्न प्रक्रियामा प्रतिवादीले पुऱ्याएको सहयोगको कुनै मुल्याङ्कन नगरी कसूरको मात्रा अनुसार **Equity, Good Science** र **Natural Justice** का आधारमा फैसला नगरी सर्वोच्च अदालतको प्रतिपादित सिद्धान्तको समेत विपरीत भएकोले त्रिभुवन विमानस्थल भन्सार कार्यालय २०७६/०२/०९ गते भएको निर्णय र उक्त कार्यालयको मिति २०७७/०४/१८ को पत्र समेत त्रुटिपूर्ण भएको हुदाँ बदर गरी निजलाई अभियोग दावीबाट सफाई पाउँ भन्नेसमेत बेहोराको पुनरावेदनपत्र।

५. मुलुकी फौजदारी कार्यविधी संहिता,२०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने मिति२०७७।०९।१० को यस न्यायधिकरणबाट भएको आदेश ।

## ठहर खण्ड

६. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्र एंव प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक प्रतिवादी **MD ABUL HASAN DHALI** को तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री कृष्ण मुरारी रौनियारले यी प्रतिवादीलाई बंगलादेशी नागरिक नुरवाली भन्ने व्यक्तिले सुन ल्याई दिए वापत बंगलादेशी टाका २० हजार दिनुका साथै खान बस्न र हवाई टिकट समेत मिलाईदिन्छु भनेपछि ल्याइ दिएका भरिया मात्रै हुन।कसुरदारले अनुसन्धान/अदालतलाई सहयोग गरेको भरिया मात्र भएकाले सजाय निर्धारण गर्दा विवेक प्रयोग गर्नुपर्ने अवस्था छ।विपक्षी कार्यालयको निर्णयमा बांकी एक

महिना पन्ध्र दिन कैद वापत प्रतिदिन ५०।— का दरले कैद वापतको जम्मा रु.२२५०।— समेत गरी जम्मा ३८,०८५००।— जरिवाना गर्नू भनि भएको निर्णय कानुन सम्मत नदेखिदां शूरु कार्यालयको निर्णय बदर गरि निजले सफाई पाउनुपर्छ भन्ने समेत बहस सुनियो।

७. प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय उपन्यायाधिवक्ता श्री दिपक भण्डारी र सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बस्ताकोटीले प्रतिवादीबाट बरामद भएको सुन निजकै हो।यी प्रतिवादीले भन्सार विन्दु कही कतै आफुले ल्याएको सुनको प्रज्ञापनपत्र घोषणा नगरी भन्सार तिरेको निस्सा समेत पेश नगरी बरामद सुन निजले आफ्नो मलद्वाराभित्र लुकाई राखेको भन्ने स्वीकारोक्ति बयान समेतको आधारबाट पनि पुष्टी भएको देखिन्छ।निजले आफुबाट बरामद नभएको भन्ने कुनै जिकीर समेत लिन सकेको छैन ।भन्सार ऐन,२०६४ को दफा ५७(१ग) बमोजिम निजले कसुर गरेको देखिदाँ शूरु कार्यालयको निर्णय सदर हुनुपर्छ भन्ने जिकीर समेत सुनियो।

८. उपरोक्तानुसारको तथ्य, बहस तथा पुनरावेदन जिकिर समेत भएको प्रस्तुत मुद्दामा शुरु भन्सार कार्यालयबाट भएको निर्णय मिलेको छ, छैन ? पुनरावेदकको पुनरावेदन जिकिर बमोजिम हुने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

९. निर्णय तर्फ विचार गर्दा, मिति २०७६।०१।११ गते बिहान करिब ३ बजेको समयमा **Bangkok** को उडान नं **SL220** बाट बैंकक हुदैं काठमाडौं आएका **Bangladesi** राहदानी **BQ0688546** बाहक **MD ABUL HASAN DHALI** लाई त्रिभुवन विमानस्थल भन्सार कार्यालयको आगमन कक्षको वाकथ्रु क्षेत्रको एक्सरेमा चेकजाँच गर्ने क्रममा निजको मलद्वार भित्र लुकाई ल्याएको विस्कुट आकारको आठ थानको ७५० ग्राम सुन बरामद भई निजलाई पक्राउ गरी भन्सार ऐन,२०६४ बमोजिम कारवाही गरि सुन चोरी पैठारीमा सजाय गरी पाउँन प्रस्तुत मुद्दाको उठान भएको पाइयो ।

१०. बरामदी मुचुल्का, प्रतिवादीको बयान तथा मिसिल संलग्न कागजातबाट यी प्रतिवादी **MD ABUL HASAN DHALI** ले भन्सारमा कही कतै आफुले ल्याएको सुनको प्रज्ञापनपत्र घोषणा नगरी भन्सार तिरेको निस्सा समेत पेश गरेको भन्ने देखिदैन।बरामद सुन निजले आफ्नो मलद्वाराभित्र लुकाई राखेको विस्कुट आकारको सुन आठ थान जम्मा ७५० ग्राम रहेको देखिन्छ। उक्त सुन आफुबाट बरामद भएको भन्ने प्रतिवादीको स्वीकारोक्ति बयान समेतको आधारमा भन्सार ऐन, २०६४ दफा ३८ बमोजिम चोरी पैठारीको कसूर अपराध गरेको देखिदां निजलाई सोही ऐनको दफा ५७ (१ग) बमोजिम लुकाई छिपाई विस्कुट आकारको सुन आठ थान जम्मा ७५० ग्राम अवैध रुपमा सुन तस्करी कार्य गरेकोले सुन जफत हुने र जफत भएको सुनको बिगो रु.३८,०६,२५०।— जरिवाना तथा निज प्रतिवादीलाई एक महिना पन्ध्र दिन कैद भई बाँकी एक महिना पन्ध्र दिन कैद वापत प्रति दिन रु.५०।— का दरले जम्मा रु.२२५०।-समेत गरी

जम्मा रु.३८,०८५००।— जरिवाना हुने ठहर्छ भनि त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७६/०२/०९ मा निर्णय भएको देखियो।

११. यी प्रतिवादी **ABUL HASAN DHALI** ले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा पनि आफुबाट सुन बरामद भएकोमा सावित नै देखिन्छन् । बंगलादेशी नागरिक नुरुवाली भन्ने व्यक्तिले सुन ल्याईदिए वापत बंगलादेशी टाका २० हजार दिने खान, बस्न र हवाई टिकट समेत फ्रि गरिदिने भनेकाले विस्कुट आकारको सुन आठ थान जम्मा ७५० ग्राम मलद्वार भित्र लुकाई ल्याएको भनि साविती बयान गरेको पाईन्छ। आफुबाट बरामद भएको सुन बंगलादेशी नागरिक नुरवालीको हो भनेपनि निज नुरवालीको नाम बाहेक कुनै ठेगाना थाहा छैन भन्ने समेत व्यहोरा लेखाएबाट प्रतिवादीले अमुक मानिसको नाम सम्म भनेको आधारले मात्र निजले अप्राकृतिक र अस्वभाविक (मलद्वारमा सुन लुकाएको ) तबरले सुन चोरी पैठारी गरेको कसूरबाट उन्मुक्ति पाउन सक्ने देखिन्न। साथै उक्त सुन कानुन बमोजिम यथास्थितिमा भन्सार विन्दुमा घोषणा गरेको वा प्रज्ञापनपत्र भरेको भन्न सकेको पनि पाईदैन। तत्काल प्रचलित कानूनी व्यवस्था अनुसार विदेशबाट आउने व्यक्तिले घरायसी प्रयोजनको झिटी गुन्टा वापत ५० ग्राम सम्म सुन ल्याउन पाउनेमा सो भन्दा बढी ७५० ग्राम कांचो सुन ल्याएको प्रतिवादीको उक्त कार्य भन्सार ऐन,२०६४ को दफा ५७(१) अनुसार कसुर गरेको पुष्टी हुन आयो।

१२. जहांसम्म यी प्रतिवादीले चोरी पैठारी गरी सुन ल्याएको तथ्य स्थापित भएको अवस्थामा भंसार ऐन,२०६४ को दफा ५७(१) को कसूर ठहर गरेको र उक्त कसूर वापत सोही ऐनको दफा ५७(१ग) अनुसार बरामद सुन जफत भई विगो बमोजिम जरिवाना गरी तजवीजी एक महिना पन्ध्र दिन कैद हुने ठहऱ्याएको शुरु फैसला सो हदसम्म मिलेकै देखिए पनि कसूर अनुसार बरामद मालवस्तु जफत, विगो बमोजिम जरिवाना र तजवीजी कैद भैसकेपछि बांकी एक महिना पन्ध्र दिन कैद वापत प्रतिदिन रु.५०।— का दरले कैद वापतको जम्मा रु.२२५०।— समेत जरिवाना हुने भनि उल्लेख भएको वाक्यांश मिलेको देखिएन।

१३. तसर्थ यी प्रतिवादी MD ABUL HASAL DHALI ले विगो रु.३८,०६,२५०।— रकमको ७५० ग्राम सुन चोरी पैठारी गरेको कसूरमा भंसार ऐन, २०६४ को दफा ५७(१ग) अनुसार सुन जफत गरि विगो बमोजिम जरिवाना र ऐ.दफा ५७(१ग) को देहाय (ख) अनुसार एक महिना पन्ध्र दिन कैद गर्ने गरी भएको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको मिति २०७६/०२/०९/५ को फैसला सो हदसम्म मिलेकै देखिएपनि बांकी एक महिना पन्ध्र दिन कैद वापत प्रतिदिन रु.५०।— का दरले कैद वापत जम्मा रु.२२५०।— भन्ने वाक्यांश अनावश्यक देखिदां सो हदसम्म मिलेको नदेखिएकोले केही उल्टी हुने ठहर्छ। अरुमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरु तपसिल बमोजिम गर्नू।

## तपसिल

- माथी ठहर खण्डमा लेखिए बमोजिम त्रिभुवन विमानस्थल भन्सार कार्यालयको मिति २०७६/०२/०९/५ को निर्णयमा प्रतिवादी **ABUL HASAN DHALI** लाई विगो बमोजिम रु.३८,०६,२५०/- जरिवाना तथा एक महिना पन्ध्र दिन कैद हुने ठहर भएको मिलेकै देखिएपनि बांकी एक महिना पन्ध्र दिन कैद वापत प्रतिदिन रु.५०।— का दरले कैद वापत जम्मा रु.२२५०।— हुने ठहर्छ भन्ने वाक्यांश मिलेको नदेखिँई सो हदसम्मको निर्णय केही उल्टी हुने ठहरी फैसला भएकोले सोही अनुसार गर्नु भनी फैसलाको प्रतिलिपि साथै राखी शुरु मिसिल त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा फिर्ता पठाईदिनू------१
- फैसलाको प्रतिलिपी साथै राखि बिशेष सरकारी वकिलको कार्यालयलाई जानकारी दिनू------------------------------------------------------२
- सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू-------------------------------------------------------------३
- प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू----------------४

विनोद शर्मा
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

राजेन्द्र पौडेल
(राजश्व सदस्य

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

शाखा अधिकृतः श्री सनिता लामा
टिपोट गर्ने डिठ्ठा श्री सुनिता थापा
फाँट (ख)

इति सम्बत २०७७ साल पुष २७ गते रोज २ शुभम.................................